# राष्ट्रिय बीमा कम्पनी लिमिटेड
# RASTRIYA BEEMA COMPANY LIMITED

(नेपाल सरकारको स्वामित्व प्राप्त)

प्रधान कार्यालय रामशाहपथ, काठमाडौं

E-mail : info@rbcl.gov.np, Website : www.rbcl.gov.np

फोन नं. : ०१-५३५८८६६

फ्याक्स : ०१-५३५८७२१

पोष्ट बक्स नं. : २३८३७


च.नं./Ref.

२०८१/८२/३१

मितिः २०८२/०३/०५

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
भद्रकाली, काठमाडौं ।

**विषय : राष्ट्रिय बीमा कम्पनीको तेस्रो बार्षिक साधारण सभाका सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस कम्पनीको सञ्चालक समितिको मिति २०८२ आषाढ ५ गते साँझ बसेको ४४४औं बैठकको निर्णय नं.११३३ बमोजिम यस राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आ.व. २०७५/७६ र आ.व २०७६/७७ को वित्तिय विवरण स्वीकृत गर्ने कार्यक्रम सहित मिति २०८२/०३/२९ गते आईतबार (तदनुसार जुलाई १३, २०२५) बिहान ११.०० बजे अनमोल क्याटरिङ्ग सर्भिस प्रा.लि, शंखमूल, काठमाण्डौंमा बार्षिक साधारण सभा गर्ने निर्णय गरेको व्यहोरा तहांको जानकारीका लागि अनुरोध छ । यस सम्बन्धमा विस्तृत बिषय सुची र विवरण यसै साथ संलग्न गरिएको छ ।

**तपशिल**

मितिः २०८२ साल आषाढ २९ गते, आईतबार (तदनुसार जुलाई १३, २०२५)
समयः अपरान्ह ११:०० बजे
स्थानः अनमोल क्याटरिङ्ग सर्भिस प्रा.लि, शंखमूल, काठमाण्डौं

.......................
डा. सृजना पन्त
कम्पनी सचिव

संलग्न : उपरोक्त अनुसार

## राष्ट्रिय बीमा कम्पनी लिमिटेडको
## तेस्रो बार्षिक साधारण सभाको सूचना

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको मिति २०८२/०३/०५ गते बिहिबारका दिन बसेको सञ्चालक समितिको ४४४औं बैंठकको निर्णय अनुसार यस कम्पनीको तेस्रो बार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न बिषयहरु उपर छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुमा जानकारी एवं उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मिति, समय र स्थान:**

मिति: २०८२ साल आषाढ २९ गते, आइतबार (तदनुसार १३ जुलाई, २०२५) ।

समय: बिहान ११:०० बजे देखि ।

स्थान: अनमोल क्याटरिङ्ग सर्भिस प्रा.लि, शंखमूल, काठमाण्डौ ।

**छलफलका विषयहरु :**

**सामान्य प्रस्ताव :**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नु हुने राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) राष्ट्रिय बीमा कम्पनी लिमिटेडको आर्थिक वर्ष २०७५/७६ र आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षकको प्रतिवेदन सहितको आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त नाफा/नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसूचीहरू माथि छलफल गरी पारित गर्ने ।

(३) विविध ।

**<u>साधारण सभा सम्बन्धी थप जानकारी :</u>**

(१) साधारण सभा प्रयोजनको लागि मिति २०८२/०३/२३ गते देखि मिति २०८२/०३/२९ गतेसम्म राष्ट्रिय बीमा कम्पनीको शेयर दर्ता किताब बन्द रहने छ। मिति २०८२।०३।२२ गतेसम्म धितोपत्र विनिमय बजारमा भएको शेयर कारोवारको दाखिला खारेजको लागि ७ कार्य दिनभित्र कम्पनीको शेयर रजिष्ट्रार NIMB Ace Capital Ltd. लाजिम्पाटस्थित कार्यालयमा प्राप्त शेयर नामसारीका आधारमा शेयरधनी किताबमा कायम शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन पाउनु हुनेछ ।

(२) साधारण सभा सम्बन्धी थप जानकारीका लागि राष्ट्रिय बीमा कम्पनी लिमिटेडको प्रधान कार्यालय वा कम्पनीको सूचनापाटी तथा कम्पनीको शेयर रजिष्ट्रार NIMB Ace Capital Ltd. लाजिम्पाट स्थित कार्यालयबाट जानकारी लिनु हुन अनुरोध छ। सो सम्बन्धी सूचना तथा प्रतिवेदन कम्पनीको वेव साईट www.rbcl.gov.np बाट पनि हेर्न तथा प्राप्त गर्न सकिनेछ ।

(३) साधारण सभामा भाग लिन आउने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा शेयर प्रमाणपत्र, हितग्राही खाताको विवरण वा शेयरधनीको परिचय खुल्ने फोटो सहितको आधिकारीक प्रमाण (राष्ट्रिय परिचयपत्र, नागरिकता, सवारी चालक अनुमतिपत्र वा कार्यरत कार्यालयको परिचयपत्र इत्यादि) साथमा लिई आउनु पर्नेछ ।

(४) प्रतिनिधि (प्रोक्सी) मार्फत साधारण सभामा उपस्थिति जनाउन चाहने शेयरधनी महानुभावहरुले साधारण सभा हुने मिति भन्दा कम्तीमा ७२ घण्टा अगावै राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयर रजिष्ट्रार NIMB Ace Capital Ltd. लाजिम्पाट, काठमाडौं स्थित कार्यालयमा कार्यालय समय भित्रै प्रतिनिधि (प्रोक्सी) पत्र दर्ता गराई सक्नु पर्नेछ ।

(५) प्रतिनिधि (प्रोक्सी) का रुपमा नियुक्त हुने व्यक्ति राष्ट्रिय बीमा कम्पनी लिमिटेडको शेयरधनी हुनुपर्नेछ । तोकिएको मिति र समयमा बस्ने साधारण सभाका लागि भनी तोकिए बमोजिमको ढाँचामा प्रतिनिधि नियुक्त गरेको हुनुपर्नेछ ।

(६) एकजना शेयरधनीले एक भन्दा बढीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ । तर प्रतिनिधि (प्रोक्सी) दिने शेयरधनीले आफूले अघि दिएको प्रतिनिधि (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त प्रतिनिधि (प्रोक्सी) ले साधारण सभामा भाग लिन पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर भएको मानिनेछ ।

(७) संगठित संस्थाका शेयरधनी भएमा त्यस्तो संगठित संस्थाको तर्फबाट कम्पनीको साधारण सभामा उपस्थित हुनको लागि मनोनित व्यक्तिले शेयरधनी संस्थाको आधिकारिक पत्रका साथ प्रोक्सी फारममा संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत भएको कागजात पेश गर्नुपर्नेछ ।

(८) नाबालक तथा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीको हकमा शेयर लगत किताव अनुसार संरक्षकको रुपमा दर्ता भएको व्यक्तिले मात्र साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सक्नेछ ।

(९) साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा राखिएको उपस्थिति पुस्तिकामा अनिवार्य रुपमा हाजिरी जनाउनु पर्नेछ । उपस्थिति पुस्तिका साधारण सभा हुने दिन बिहान १०:०० बजे देखि खुल्ला रहनेछ । तोकिएको समयमा उपस्थिति पुस्तिकामा हाजिर नभएका शेयरधनी महानुभावहरुले साधारण सभामा सहभागी हुन पाउने छैनन् ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेड - २०७१ -

(१०) तोकिएको समयमा शेयरधनी महानुभावहरुले सभामा आफ्नो मन्तव्य राख्न पाउने छन् । शेयरधनी महानुभावहरुले राखेको टिप्पणी उपर अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिनु हुनेछ ।

(११) सुरक्षाको अवस्थालाई मध्यनजर गर्दै साधारण सभा स्थलमा कुनैपनि प्रकारको झोला तथा पोका लगायत बस्तुहरु ल्याउन पाइने छैन । साधारण सभाको सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले साधारण सभामा उपस्थित हुने महानुभावहरुको सुरक्षा जाँचको कार्य गर्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन अनुरोध गरिन्छ ।

(१२) साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र कम्पनीको प्रधान कार्यालयमा रहेको सञ्चालक समितिको सचिवालयमा सम्पर्क राख्न सकिनेछ ।

राष्ट्रिय बीमा कम्पनी लिमिटेड - २०७१ -

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**
**राष्ट्रिय बीमा कम्पनी लिमिटेड**

श्री सञ्चालक समिति,
राष्ट्रिय बीमा कम्पनी लिमिटेड,
रामशाहपथ, काठमाण्डौ ।

विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

.......................... जिल्ला .................. महानगर/उपमहानगर/नगर/गाउँ पालिका वडा नं. ........... बस्ने म/ हामी ............................ ले त्यस कम्पनीको शेयरधनीको हैसियतले वि.सं. २०८२ साल आषाढ २९ गते आइतबार का दिन हुने राष्ट्रिय बीमा कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभामा स्वयम् उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिनको लागि .................................. जिल्ला ......................... महानगर/उपमहानगर/नगर/गाउँ पालिका वडा नं. .......... बस्ने त्यस राष्ट्रिय बीमा कम्पनी लिमिटेडका शेयरधनी श्री ......................................................, शेयरधनी परिचय नं./हितग्राही खाता (BOID) नं. ...................................... लाई मेरो/ हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

**प्रतिनिधिको:**
दस्तखत:

नाम:
ठेगाना:
शेयरधनी परिचय नं.
हितग्राही खाता (BOID) नं.:
शेयर संख्या:
मिति:

**निवेदकको,**
दस्तखत:

नाम:

द्रष्टव्य: यो निवेदन साधारण सभा हुनुभन्दा कम्तीमा ७२ घण्टा अगावै कम्पनीको शेयर रजिष्ट्रार NIMB ACE Capital Ltd. लाजिम्पाट स्थित कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

---

राष्ट्रिय बीमा कम्पनी लिमिटेडको मिति २०८२ साल असाढ २९ गते आइतबारका दिन हुने राष्ट्रिय बीमा कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको

## प्रवेश-पत्र

शेयरधनीको नाम: श्री ........................................ शेयर प्रमाणपत्र नं. ......................

शेयरधनीको दस्तखत: ........................................ जम्मा शेयर संख्या: ......................

राष्ट्रिय बीमा कम्पनी लिमिटेड २०७१

**कम्पनी सचिव**
राष्ट्रिय बीमा कम्पनी लिमिटेड